# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

## खण्ड ७, संख्याः २९, चैत्र २३ गते, २०८० साल


व्यास नगरपालिकाको नगर कार्यपालिकाले पारित गरेको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगरपालिका छात्रबृत्ति सहयोग वितरण कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मिति : २०८०।१२।२२

**प्रस्तावना** : व्यास नगरपालिकामा स्थायी बसोबास गरी कक्षा ११, १२ देखि माथि अध्ययन, अनुसन्धान गर्ने विपन्न तथा जेहेन्दार विद्यार्थीलाई उपलब्ध गराइने छात्रबृत्ति सहयोगलाई व्यवस्थित, पारदर्शी र लक्षित व्यक्ति केन्द्रीत बनाउन निश्चित मापदण्ड र योग्यता आवश्यक भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ (१) ले दिएको अधिकार प्रयोग गरी व्यास नगरपालिका नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यो कार्यविधिको नाम “व्यास नगरपालिका छात्रबृत्ति सहयोग वितरण कार्यविधि २०८०” रहेको छ ।

(२) यो कार्यविधि व्यास नगरपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएका मितिदेखि व्यास नगर क्षेत्रका विद्यार्थी अध्ययनरत विद्यालय, कलेज/क्याम्पसमा लागू हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) “कार्यपालिका” भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ ।

(ख) “शाखा” भन्नाले व्यास नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखा सम्झनु पर्छ ।

(ग) “नगरपालिका” भन्नाले व्यास नगरपालिका सम्झनु पर्छ ।

(घ) “शिक्षा समिति” भन्नाले व्यास नगरपालिकाको प्रमुखको अध्यक्षतामा गठित नगर शिक्षा समिति सम्झनु पर्छ ।

(ङ) “समिति” भन्नाले दफा ४ बमोजिम गठित सिफारिस समिति सम्झनु पर्छ ।

(च) "सामाजिक विकास समिति" भन्नाले व्यास नगरपालिका नगर कार्यपालिका अन्तर्गत रहेको सामाजिक विकास समिति सम्झनु पर्छ ।

(छ) "शैक्षिक संस्था" भन्नाले नेपाल कानुन बमोजिम स्थापना भएको विश्वविद्यालय, अध्ययन संस्थान, क्याम्पस र सामुदायिक एवं संस्थागत विद्यालय समेत सम्झनु पर्छ ।

## परिच्छेद २
## छात्रबृत्ति वितरण सम्बन्धी व्यवस्था

३. **छात्रबृत्ति उपलब्ध गराइने :** (१) नगरपालिकाले प्रत्येक आर्थिक वर्षमा विनियोजित बजेटको सिमा भित्र रही विपन्न तथा जेहेन्दार छात्रबृत्ति उपलब्ध गराउने छ ।

(२) उपदफा (१) बमोजिम वितरण गरिने छात्रबृत्ति छनोटको मापदण्ड देहाय बमोजिम हुनेछ :

(क) छात्रबृत्ति शैक्षिक संस्थाद्वारा सञ्चालित शैक्षिक कार्यक्रमका लागि पूर्व वा आंशिक रुपमा उपलब्ध गराइने छ ।

(ख) छात्रबृत्ति माग गर्ने छात्र/छात्रा विपन्न र जेहेन्दार हुनु पर्नेछ ।

(ग) छात्रबृत्ति माग गर्ने छात्र/छात्रा व्यास नगरपालिका क्षेत्रभित्रको स्थायी बासिन्दा हुनु पर्नेछ ।

(घ) छात्रबृत्ति माग गर्ने छात्र/छात्राको परिवारको आर्थिक अवस्था विपन्न भई शैक्षिक संस्थालाई तिर्न बुझाउन नसक्ने भनी सम्बन्धित वडा कार्यालयले प्रमाणित गरेको हुनु पर्नेछ ।

(ङ) छात्रबृत्ति माग गर्ने छात्र/छात्रा जेहेन्दार र लगनशील हुनु पर्नेछ ।

(३) यस दफा अन्तर्गतको छात्रबृत्ति नगरपालिकाको जनप्रतिनिधि समेतलाई उपलब्ध गराउन बाधा पुगेको मानिने छैन ।

(४) नगरपालिकाले तोकेको बजेट सिमाको अतिरिक्त नगर भित्रका शैक्षिक संस्थाले सम्बन्धित तह र कक्षाको ५ देखि १० प्रतिशत विद्यार्थीलाई छात्रबृत्ति उपलब्ध गराउनु पर्नेछ ।

४. **छात्रबृत्ति सिफारिस समिति :** (१) यो कार्यविधि बमोजिम छात्रबृत्ति सिफारिस गर्न नगरपालिकमा एक छात्रबृत्ति समिति रहने छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहाय बमोजिमका पदाधिकारी सदस्य रहने छन् :

(क) संयोजक : सामाजिक विकास समिति संयोजक
(ख) सदस्य : प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा प्रमुख
(ग) सदस्य : आर्थिक प्रशासन शाखा प्रमुख
(घ) सदस्य : सूचना प्रविधि शाखा प्रमुख
(ङ) सदस्य सचिव : शिक्षा तथा सामाजिक विकास शाखा प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारी

५. **समितिको काम, कर्तव्य र अधिकार :** छात्रबृत्ति सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) नगरपालिकाले उपलब्ध गराउने छात्रबृत्तिका लागि सूचना प्रकाशित गर्ने, निवेदन प्राप्त गर्ने, छनोट गर्ने ।

(ख) स्वीकृत बजेटको सिमाभित्र रही छात्रबृत्ति सिफारिस गर्ने,

(ग) नगरपालिकाले उपलब्ध गराउने छात्रबृत्तिलाई लक्षित वर्ग केन्द्रित गरी सिफारिस गर्ने,

(घ) छात्रबृत्ति उपलब्ध गराउँदा वैज्ञानिक, सामाजिक न्यायपरक, समतामूलक र पारदर्शी ढंगले गर्न गराउन आवश्यक शर्त तथा मूल्याङ्कनका आधार तयार गरी काम गर्ने,

(ङ) कार्यपालिका तथा शिक्षा समितिले निर्दिष्ट गरेका अन्य कार्यहरु गर्ने ।

(च) नगर भित्रका शैक्षिक संस्थाहरुमा अध्ययनरत कक्षा ११, १२, स्नातक, स्नाकोत्तर तहका विद्यार्थी संख्याको आधारमा न्यूनतम ५ प्रतिशत देखि १० प्रतिशतसम्म छात्रबृत्ति उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउने ।

६. **छात्रबृत्ति उपलब्ध गराउने शैक्षिक कार्यक्रमहरु** : नगरपालिकाले देहायका शैक्षिक कार्यक्रमका लागि छात्रबृत्ति उपलब्ध गराउन सक्नेछ :

(क) नगरपालिकामा स्थायी बसोबास भएका नगरपालिका बाहिर नेपालका शैक्षिक संस्थामा अध्ययनरत विद्यार्थीलाई सोधपत्र/अनुसन्धान/प्रतिवेदन लेखनका लागि ।

(ख) नगरपालिका क्षेत्रभित्रका शैक्षिक संस्थामा अध्ययनरत विज्ञान, वातावरण विज्ञान, कानुन, सूचना प्रविधि, व्यवस्थापन, प्राविधिक धार, भाषा/साहित्य/समाजशास्त्र/पत्रकारिता आदि ।

७. **छात्रबृत्तिको रकम** : नगरपालिकाले उपलब्ध गराउने छात्रबृत्तिको रकम निर्धारण समितिले देहाय बमोजिम गर्न सक्नेछ :

(क) छात्रबृत्तिको रकम शैक्षिक कार्यक्रमको आधारमा एकमुष्ठ वा किस्ताबन्दी रुपमा पूर्ण वा आंशिक हुनेछ ।

(ख) नगरपालिकाले उपलब्ध गराउने छात्रबृत्ति रकम छात्रबृत्ति पाउने छात्र/छात्राको नाममा नगदै उपलब्ध गराउने वा सम्बन्धित शैक्षिक संस्थाको खातामा जम्मा गरिदिन सक्नेछ ।

८. **छात्रबृत्ति उपलब्ध गराउने अधिकारी** : (१) दफा ४ बमोजिम गठित समितिको सिफारिसको आधारमा नगरपालिकाको शिक्षा समितिले छात्रबृत्ति उपलब्ध गराउने निर्णय गर्नेछ ।

(२) उपदफा (१) बमोजिम छात्रबृत्ति उपलब्ध गराउने सम्बन्धी प्रकृयागत काम कारवाही नगरपालिका शिक्षा तथा सामाजिक विकास शाखाले गर्नेछ ।

(३) समितिले छात्रबृत्ति सिफारिस गर्दा सामान्यतः शैक्षिक सत्र प्रारम्भ भएको तीन महिना भित्र गर्नु पर्नेछ ।

९. **कबुलियत गर्नु पर्ने** : (१) यस कार्यविधि बमोजिम नगरपालिकाबाट छात्रबृत्ति वापत प्राप्त भएको रकम अन्य प्रयोजनमा खर्च नगर्ने तथा अध्ययन/अध्यापन/अनुसन्धानात्मक क्षेत्रमा तोकिए बमोजिम रकमको पूर्ण सदुपयोग गर्ने व्यहोराको कबुलियतनामा गर्नु पर्नेछ ।

(२) उपदफा (१) विपरीत छात्रबृत्ति वापत उपलब्ध गराइएको रकम दुरुपयोग भएको पाइएमा त्यसरी उपलब्ध गराइएको छात्रबृत्ति वापतको रकम नगरपालिकाले असुल उपर गर्नेछ ।

१०. **सेवा गर्ने सम्बन्धी व्यवस्था** : नरपालिकाबाट छात्रबृत्ति प्राप्त गरी अध्ययन गरेका छात्रछात्राले स्वयंसेवक वा इन्टर्नसिपको रुपमा नगरपालिकामा सेवा गर्न चाहेमा सेवा गर्ने उपयुक्त प्रबन्ध मिलाउन सकिने छ ।

११. **प्रगति प्रतिवेदन पेश गर्नु पर्ने** : (१) नगरपालिकाबाट छात्रबृत्ति प्राप्त गरी अध्ययन गर्ने छात्रछात्राले वार्षिक रुपमा आफूले प्राप्त गरेको शैक्षिक प्रगति प्रतिवेदन नगरपालिकाको शिक्षा तथा सामाजिक विकास शाखामा पेश गर्नु पर्नेछ ।

(२) सम्बन्धित छात्रछात्राको प्रतिवेदनबाट सन्तोषजनक अवस्था देखिएमा थप वर्ष वा कार्यक्रमका लागि छात्रबृत्ति सहयोगलाई निरन्तरता दिन सकिने छ ।

१२. **कार्यविधि संशोधन** : यो कार्यविधिमा आवश्यकतानुसार संशोधन गर्न कार्यपालिकालाई अधिकार हुनेछ ।

१३. **पूर्व कार्य** : यसभन्दा अघि छात्रबृत्ति सम्बन्धी भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ ।

१४. **बाधा अड्काउ फुकाउने** : यो कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा, अड्काउ परेमा शिक्षा समितिले त्यस्तो बाधा, अड्काउ फुकाउन सक्नेछ ।

आज्ञाले
गंगालाल सुबेदी
प्रमुख प्रशासकीय अधिकृत